# लेटाङ नगरपालिका र यसअन्तर्गतका वडा कार्यालयहरूबाट आ.व. २०८१/०८२ को पहिलो चौमासिकमा सञ्चालन भएका योजना, कार्यक्रमहरू तथा सेवा प्रवाहसम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सम्पन्न प्रतिवेदन

## लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ, कोशी प्रदेश, नेपाल

**परामर्शदाता:**

**श्री बिराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि.**

**बिराटनगर, मोरङ**

# विषयसूची


१. कार्यक्रमको परिचयः .................... २

२. कार्यक्रमको उद्धेश्यहरु : .................... ३

३. कार्यक्रम संचालन प्रकृयाः .................... ३

४. कार्यक्रम संचालन ढाँचाः .................... ४

५. सहभागीहरूः .................... ४

अनुसूची १ :सार्वजनिक सेवा प्रवाह र प्रथम चौमासीकमा भए गरेका प्रगतिः .................... ५

अनुसूचि २: नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन .................... ९

अनुसूचि ३: बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन .................... २७

अनुसूचि ४: सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन र जिम्मेवारी प्राप्त व्याक्तिवाट जवाफः.. ३२

अनुसूची ५ : सहभागीहरूको विस्तृत विवरण .................... ३६

अनुसूचि ६: तस्विरहरू .................... ३९

## १. कार्यक्रमको परिचयः

लेटाङ नगरपालिका, नेपालको एक समृद्ध र समग्र रूपले प्रगति गर्दै जाने नगरपालिकाको रूपमा निरन्तर आफ्नो विकास यात्रा अघि बढाउँदै आएको छ । यो नगरपालिका कोशी प्रदेशको राजधानी विराटनगरबाट करिब ४९ कि.मी. दुरी उत्तरपुर्वमा अवस्थित छ र यसको भौगोलिक अवस्थिति, सांस्कृतिक विविधता, र जनसंख्या यसलाई विशेष महत्त्व र स्थान दिन्छ । नगरपालिकाले नागरिकहरूको जीवनस्तर सुधार गर्न र विकासको गति तीव्र बनाउन निरन्तर विभिन्न योजनाहरू र पहलहरू अघि बढाइरहेको छ ।

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्निर्माणको अवधारणाले तीन तहको सरकार लागू गरेको छ, जसमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संरचनाहरू समावेश छन् । यस संरचनाले स्थानीय तहलाई शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक विकास, महिला अधिकार, बालबालिका र अन्य महत्वपूर्ण क्षेत्रमा अधिकार र जिम्मेवारी प्रदान गरेको छ । यससँगै, स्थानीय तहले विकास योजनाहरूको कार्यान्वयन र सामुदायिक पहुँचलाई सहज बनाउनका लागि विभिन्न सेवाहरूको प्रवाह र व्यवस्थापन गर्दै आएका छन् । विकेन्द्रिकरणको अवधारणा अनुसार, विकासका प्रयासलाई स्थानीय स्तरबाट सुरु गर्न अत्यन्त महत्त्वपूर्ण रहेको छ । यसले सरकारको कार्यमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्छ र नागरिकको सहभागिता बढाउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, सुशासन ऐन २०६४ र सुशासन नियमावली २०६५ ले सार्वजनिक सुनुवाइको महत्व र अनिवार्यता सुनिश्चित गरेको छ । नेपालका विभिन्न सरकारी निकायहरूले सार्वजनिक सुनुवाइ कार्यक्रमलाई आफ्ना बाषिर्क कार्यक्रम र योजनामा समावेश गरेका छन् भने नेपाल सरकार स्थानिय विकास मन्त्रालयले २०६७ सालमा स्थानिय निकायको सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरेको छ भने त्यस यता सार्वजनिक जवाफदेहिता प्रवर्दन सम्वन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) समेत सार्वजनिक भएको पाईन्छ ।

स्थानिय निकायको सार्वजनिक सुनुवाई कार्यविधि २०६७ तथा सार्वजनिक जवाफदेहिता प्रवर्दन सम्वन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) मा स्थानिय तहले आर्थिक वर्षको प्रत्योक चौमासिक अवधिमा कार्यलयवाट संचालित सम्पुर्ण योजना, कार्यक्रम तथा सेवाप्रवाहको सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था गरेको छ ।

यस कार्यक्रमको माध्यमबाट नगरपालिकाले गरेको विकास कार्य, बजेटको प्रवाह, भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, र सामाजिक सेवाहरूको बारेमा नागरिकलाई जानकारी दिन्छ र तिनीहरूको सुझाव र चासोहरूलाई प्राथमिकता दिँदै योजनाहरूलाई सुधार गर्दछ । लेटाङ नगरपालिका पनि यस अवधारणालाई अपनाउँदै सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यसै सन्दर्भमा लेटाङ नगरपालिकाले आ.व. २०८१।०८२ प्रथम चौमासीकमा सम्पन्न गरेका विकास योजना तथा सेवा प्रवाह सन्दर्भमा सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८१।१०।०४ गते शुक्रवार, दिनको १२ बजे देखी ३ बजे सम्म लेटाङ नगरपालिका वडा नं. ५ मा अवस्थित लेटाङ क्याम्पसमा ७५ जनाको उपस्थितिमा सम्पन्न गरेको छ । यस सार्वजनिक सुनुवाइ कार्यक्रमले लेटाङ नगरपालिकालाई आफ्नो योजनाहरूको प्रभावकारिता मूल्याङ्कन गर्न र कार्यान्वयनको प्रक्रियामा पारदर्शिता ल्याउन, नागरिकका समस्याहरू र चासोहरूको समाधान खोज्नका लागि नयाँ दृष्टिकोण र योजना बनाउँछ महत्त्वपूर्ण भुमिका खेल्दछ भन्ने विस्वास गर्न सकिन्छ ।

## २. कार्यक्रमको उद्धेश्यहरु :

यो सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष २०८१।०८२ को प्रथम चौमासिकमा लेटाङ नगरपालिकाबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जनताको बुझाई सो सम्वन्धमा प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु हो। यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन्।

- नगरपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न।
- नगरको सेवा एवं विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न।
- नगरपालिकावाट प्रवाह हुने सेवा, सुविधा तथा वस्तुकाबारेमा सेवाग्राही नागरिकबाट पृष्ठपोषण लिन।
- नगरपालिका र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन।
- सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार र सरकार सञ्चालनको लागि।
- नगरपालिकाले चौमासिक अवधिमा गरेको प्रगति सार्वजनिक गर्न।
- वार्षिक गतिविधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने।

## ३. कार्यक्रम संचालन प्रकृयाः

लेटाङ नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रभावकारी सञ्चालन र व्यवस्थापन सुनिश्चित गर्न परामर्शदाताका रूपमा *विराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि.*, विराटनगरलाई चयन गरेको थियो। कार्यक्रमको सम्पूर्ण व्यवस्थापन जिम्मेवारी यस परामर्शदाता संस्थालाई प्रदान गरिएको थियो। सार्वजनिक सुनुवाइ प्रक्रियालाई थप व्यवस्थित र सहभागीमूलक बनाउन, परामर्शदाताले स्थानीय रूपमा अनुभवी पत्रकार रेवती निरौलालाई सहजकर्ताका रूपमा नियुक्त गरेको थियो।

कार्यक्रम सञ्चालन पूर्व तयारीका रूपमा लेटाङ नगरपालिकाले नगरक्षेत्रभित्रका सरोकारवालाहरूलाई उपस्थितिका लागि पत्र पठाएको थियो। साथै, नगरको आधिकारिक फेसबुक पेज र वेबसाइटमार्फत सूचना प्रकाशन गरिएको थियो भने परामर्शदाताको तर्फबाट वडा तथा वस्तिहरूमा माइकिङ गरिएको थियो।

त्यसैगरी, १५० सेवाग्राही नागरिकहरूले कार्यालयबाट सेवा लिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका, र देखेका विषयलाई *नागरिक प्रतिवेदन पत्र* (Citizen Report Card) मार्फत संकलन गरिएको थियो। साथै, सेवाग्राहीले कार्यालयबाट सेवा लिएर बाहिरिने क्रममा कार्यालयको सेवा प्रवाहसम्बन्धी *बहिर्गमन अभिमत* (Exit Poll) गुगल फर्म मार्फत सर्वेक्षण गरी प्रतिवेदन तयार गरिएको थियो। यी सबै उपायहरूले कार्यक्रमलाई सहभागीमूलक, तथ्यमा आधारित र पारदर्शी बनाउन मद्दत पुर्याएको थियो। विशेषतः, सेवाग्राहीहरूको सुझाव र अभिमतले नगरपालिकाको सेवा प्रवाहको सुधारका लागि महत्वपूर्ण आधारशिला प्रस्तुत गरेको छ। कार्यक्रम अवधि भर मोरङ खवर वाट लाईभ गरीएको थियो। उक्त कार्यक्रमको लाईभ https://www.facebook.com/share/v/12CsZ3QM21T/ मा गई हेर्न सकिनेछ।

## ४. कार्यक्रम संचालन ढाँचा:

कार्यक्रम निश्चित विधि र संरचना अनुरूप सञ्चालन गरिएको थियो, जसको विवरण तपशिलमा उल्लेख गरिएको छ।

**तपशिल:**

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| क) | अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा | नगर उपप्रमुख | |
| ख) | कार्यक्रमको उद्देश्य माथि प्रकाश | प्रमुख प्रशासकिय अधिकृत | |
| ग) | आचार संहिताबारे जानकारी | सहजकर्ता | |
| घ) | सार्वजनिक सेवा प्रवाह र प्रथम चौमासीकमा भए गरेका प्रगति बारे संक्षिप्त जानकारी | योजना शाखा प्रमुख | अनुसूची १ मा उल्लेख गरिएको छ। |
| ङ) | नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत | सहजकर्ता | अनुसूची २ मा उल्लेख गरिएको छ। |
| च) | बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत | सहजकर्ता | अनुसूची ३ मा उल्लेख गरिएको छ। |
| छ) | सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन | सहजकर्ता | अनुसूची ४ मा उल्लेख गरिएको छ। |
| ज) | जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुले जिज्ञासाहरु स्पष्ट | नगर उपप्रमुख, शाखा प्रमुखहरू | |
| झ) | स्पष्टता पछि थप जिज्ञासाको आह्वान | सहजकर्ता | |
| ञ) | सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता | नगर उपप्रमुख, शाखा प्रमुखहरू | |
| ट) | समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन | नगर उपप्रमुख | |

## ५. सहभागीहरू:

सार्वजनिक सुनुवाइ कार्यक्रममा निर्वाचित जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार, नगरवासीहरू गरी ७५ जनाको सहभागिता रहेको थियो। सहभागीहरूको विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

## ६. निष्कर्ष:

यस सार्वजनिक सुनुवाइ कार्यक्रमले नागरिकहरूको सक्रिय सहभागिता र सुझावहरूको महत्त्वपूर्ण भूमिका स्पष्ट रूपमा उजागर गरेको छ। कार्यक्रमले सेवाग्राहीहरूको अनुभव र अभिमतलाई समेटेर सेवा प्रवाहको गुणस्तर सुधार गर्न र विकास योजनाहरूलाई नागरिकको आवश्यकता र प्राथमिकतासँग अनुरूप बनाउने महत्वपुर्ण सुझाप प्रदान गरेको छ। यस क्रममा नगरपालिकाले प्राप्त सल्लाह, सुझाव र प्रतिक्रियालाई सेवा प्रवाह र विकास योजना निर्माणमा समावेश गर्न प्रतिबद्धता व्यक्त गरेको छ। नागरिक सहभागितामूलक यस प्रक्रियाले पारदर्शिता, जवाफदेहिता, र समावेशिताको आधारशिला थप मजबुत बनाएको छ।

## अनुसूची १ :सार्वजनिक सेवा प्रवाह र प्रथम चौमासीकमा भए गरेका प्रगति:

**आ.व. २०८१।०८२ अर्धवार्षिक आय र ब्ययको अवस्था**

**२०८१ साल पौष मसान्त सम्मको आय विवरण:**

| आय स्रोत | अनुमानित कुल आय | हाल सम्म प्राप्त आय |
|---|---|---|
| आन्तरिक आय | १०३७६५०००।– | ७१०७४०६०.३९ |
| राजश्व बाँडफाँडबाट प्राप्त | ११९५०३०००।– | ४७८००६८६ |
| नेपाल सरकार बित्तिय हस्तान्तरण | ३६०८७०००० | २०७२७१२०० |
| प्रदेश सरकार बित्तिय हस्तान्तरण | २९८४९००० | ९२७३६९० |
| कुल जम्मा आय | ६१३९८७००० | ३३५४१९६३६ |

**आ:( पुँजिगत/चालु) को अर्धवार्षिक ब्ययको विवरण ८२/२०८१ .व.**

| ब्यय विवरण | अनुमानित ब्यय | हाल सम्मको खर्च |
|---|---|---|
| चालु खर्च | ४४४४८९००० | १५७७९३७२९ |
| पुँजिगत खर्च | १६९४९८००० | २५८३८०६५ |
| कूल जम्मा | ६१३९८७००० | १८३६३१७९४ |

**आ.व. २०८१/८२ को अर्धवार्षिक क्षेत्रगत ब्ययको विवरण:**

| ब्यय विवरण | अनुमानित ब्यय | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५६३४१००० | १५९०२९०२ | २८.२३ |
| सामाजिक विकास | २७०३८८५०० | ८५०९०१४५.७९ | ३१.४७ |
| पूर्वाधार विकास | ११६५७५००० | १४३१६८७९ | १२.२८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ५४१७२५०० | २५६६२६१३ | ४७.३७ |
| कार्यालय संचालन तथा प्रशासनिक | ११६५१०००० | ४२६५९२५४ | ३६.६१ |
| जम्मा | ६१३९८७००० | १८३६३१७९४.२५ | २९.९ |

**आ.व. २०८१/८२ को आन्तरिक आय विवरणः**

| **ब्यय विवरण** | **रकम** |
|---|---|
| **नगरपालिका** | **१५४७२५९६** |
| **वडा नं. १** | **१२१०५१** |
| **वडा नं. २** | **८३८३३५** |
| **वडा नं. ३** | **१०८४९४८** |
| **वडा नं. ४** | **६७५८४३** |
| **वडा नं. ५** | **१००२२०२** |
| **वडा नं. ६** | **५२४८१७** |
| **वडा नं. ७** | **१९६२१५** |
| **वडा नं. ८** | **४४२५१९** |
| **वडा नं. ९** | **४६५४०८** |
| **कुल आन्तरिक आय** | **२०८२३९३४** |

**क) हालसम्म संचालित योजनाहरूको अवस्थाः**

| **योजनाको नाम** | **अवस्था** | **कैफियत** |
|---|---|---|
| राजारानी ताल सौन्दर्यकरण | सम्पन्न | |
| समला खानेपानी आयोजना | सम्पन्न | |
| अन्तरधार्मिक पार्क निर्माण | संचालित | |
| मूर्चुङ्गी खोला पुल | ताकेता गरिएको | |
| शिक्षा विकास मार्ग कालोपत्रे | ताकेता गरिएको | कानूनी विवाद |
| वडास्तरिय नगर गौरवका योजना ९ वटा | खरिद प्रकृया अन्तिम चरणमा | |
| बुध्द मार्ग कालोपत्रे | खरिद प्रकृया अन्तिम चरणमा | |
| सडक बोर्ड साझेदारी | खरिद प्रकृया अन्तिम चरणमा | |
| जाते/बुधवारे हाट वजार निर्माण | खरिद प्रकृयामा | |

**ख) आ.व. २०८०/८१ को अर्धबार्षिक अवधिमा विकास ब्यवस्थापन र सेवा प्रवाहमा गरिएका सुधार प्रयासहरुः**

• उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु वडास्तरमा नै गएर सम्झौता र अभिमुखिकरण गर्ने कार्य निर्धारित समयमा सम्पन्न गरिएको। हालसम्म १०१ योजना सम्झौता सम्पन्न भईसकेको र ३४ वटा योजनाको भुक्तानी सम्पन्न भईसकेको। ८० प्रतशित भन्दा बढी योजना कार्यन्वयनमा गईसकेको।

• नगरपालिकाबाट खरिद ब्यवस्थापन हुने बोलपत्र, शिलबन्दी दरभाउपत्रका कार्यकहरु अन्तिम चरणमा पुगेको।

• हासम्म २१ वटा निर्माण /परामर्श /खरिदको प्रकृया अगाडी बढेको।

• समयसीमा भित्र नै बर्षे तथा हिउदे नगरसभा सम्पन्न गरिएको।

• नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको साथै प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुख /वडासचिवहरुबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको।

• सवै विषयगत शाखा र वडा कार्यालयहरुको बार्षिक कार्यतालिका र कार्य योजना तयार भएको।

• कार्यालय अटोमेसन कार्य प्रकृयामा लैजान प्रयासरत रहेको।

• दर्ता चलानी अन लाईन गरिएको।

• सुत्र र ईएफटी लागु गरिएको।

• योजना सफ्टवेयर सञ्चालित रहेको

• सार्वजनिक सम्पती ब्यवस्थापन प्रणाली पुर्ण संचालनमा रहेको।

• राजश्व भुक्तानी अनलाईनमा हुने र QR CODE मार्फत समेत भुक्तानी हुने ब्यवस्था मिलाईएको

• कार्यालयको क्षमता विकास जनप्रतिनिधिको क्षमता विकास र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालनमा रहेको।

• LISA मा ८१.५ अंक र FRA मा ८६.५ अंक स्वमुल्याकंन गरिएको।

• बेरुजु ब्यवस्थापनका लागि अधिकतम प्रयास गरिएको।

• गुनासो सुनुवाई सम्वन्धी संस्थागत ब्यवस्था गरिएको।

• जग्गा बर्गिकरण सम्वन्धी कार्य अन्तिम चरणमा पुगेको।

• गरिब परिवार पहिचान सम्वन्धी कार्य अन्तिम चरणमा पुगेको।

• नगरपालिकास्तरिय उपभोक्ता संरक्षण समिति मार्फत नियमित वजार अनुगमन गरिरहेको।

• सेवा प्रवाहलाई सरल र सहज वनाउन तथा विकास ब्यवस्थापनलाई दिगो र यथार्थपरक वनाउन प्रयासरत रहेको।

• लेटाङ ७ मा वाराङ्गी अस्थायी प्रहरी चौकी स्थापना भएको ।

• सर्पदंश उपचार केन्द्रको स्विकृती प्राप्त गरी संचालन तयारीमा रहेको ।

• २०८१ बैसाख मसान्त भित्र अधिकतम योजनाहरु सम्पन्न गर्ने लक्ष्य राखिएको ।

• सेवा प्रवाहको मापदण्ड आयोजना बैंक नगर क्षमता विकास योजना तयार गर्ने क्रममा रहेको ।

• चालु आ.व. मा वडा नं ४ लाई बालमैत्री वडा घोषणा गर्ने गरी कार्य अगाडी बढाईएको ।

• स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंग साझेदारीमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने तयारी ।

• लुम्बिनी सांस्कृतिक नगरपालिका रुपन्देही र खप्तड छेडेदह गाँउपालिका बाजुरासंग भगिनि सम्वन्ध कायम गर्ने प्रकृया अगाडी बढेको ।

• निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालको जग्गा प्राप्तिको कार्य अगाडी बढेको ।

• लेटाङ नगरपालिकाको संगठन संरचना र दरवन्दि विवरण स्विकृत गरी कार्यालय तथा पद दर्ताको कार्य अगाडी बढाईएको ।


• लेटाङ नगरपालिकावाट सम्पादित कार्यक्रमहरुको सामाजिक परिक्षण तथा लैंगिक परिक्षण सम्पन्न गरिएको ।


## अनुसूचि २: नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन





### सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनको चरणहरू

- अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा गर्ने,
- कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने,
- सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिने,
- नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,
- बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,
- सुनुवाइ कार्यक्रमको आचार संहिताबारे जानकारी गराउने,
- सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन गर्ने,
- सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने,
- स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने,
- सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने,
- समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।



नागरिक मत सम्बन्धी प्रतिवेदन
(Citizen Report Card)
नागरिक प्रतिवेदन भाग १
नागरिक प्रतिवेदन भाग २
सन्तुस्टि वा असन्तुस्टि जनाउने
बिविध सेवा प्रवाह सम्वन्धमा
१. सेवाको सन्तुस्टी (२)
२. सेवाको नियमितता (४)
३. सेवा प्रतिको जनविस्वास (४)
४. सेवाको गुणस्तर (३)
५. सेवा सम्वन्धी जानकारी (५)
६. नागरीक वडापत्र/उजुरी पेटीका (३)
(जम्मा २१ प्रस्न)
१. सिफारीस सम्वन्धमा (५)
२. पुर्वाधार विकास, वातावरण तथा सरसफाइ (११)
३. नगरको वितिय व्यावस्थापन र कार्यसम्पादन (६)
४. पारदर्शिता सम्वन्धी (४)
(जम्मा २६ प्रस्न)


Questions
Responses 150
Settings
150 responses
View in Sheets
Accepting responses
Summary
Question
Individual


जातजाति:
150 responses
8.7%
26%
58%
दलित
जनजाती
क्षेत्रि
ब्रहामण
अन्य
अन्य (क्षेत्रि, ब्रहामण लगायत अन्य )


**शिक्षा:**

149 responses




**पेशा:**


150 responses




## १. सेवाको सन्तुष्टी:


**१.१ तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

150 responses



१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ


150 responses




**२. सेवाको नियमितताः**


२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति तपाइ कतिको सन्तुष्ट हुनुहुन्छ ?

150 responses





२.२ कार्यालय नियमित रुपमा ( पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) संञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

150 responses




**२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

150 responses




**२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ?**


150 responses




**३ सेवाप्रतिको जनविश्वासः**


**३.१ यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

150 responses




३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?

150 responses





३.३ यस नगरपालिका मा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

148 responses




३.४ यस कायार्लयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?


150 responses



**४. सेवाको गुणस्तरः**


**४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ ?**

150 responses





**४.२ तपाई यस कार्यालयमा आउँदा कस्को सहयोग लिनुभयो ?**

150 responses




**४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु प-यो ?**


150 responses



### ५ सेवा सम्बन्धि जानकारी:


### ५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

150 responses





### ५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

148 responses





### ५.३ कार्यालय र सेवाग्रहि बीचको सम्बन्ध कस्तो छ ?

150 responses




**५.४ नगरपालिका तहमा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?**

150 responses




**५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?**


150 responses




**६. नागरिक बडापत्र / उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमाः**


**६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**

150 responses




**६.२ तपाईको विचारमा नगरपालिका वा यसका सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पद्रान गरेको जस्तो लाग्छ ?**

150 responses




**६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**

150 responses





## नागरिक प्रतिवेदन पत्रः

**सिफारिस सम्बन्धीः**


**१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?**

143 responses




१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु प-यो ?

144 responses




१.३ त्यहाँबाट दिने सिफारिस लिँदा कसको सहयोग लिनुभयो ?


150 responses




१.४ राजस्व को-को सँग उठाउने गर्दछन् ?

Copy


150 responses



Copy cha

१.५ शुल्क, सेवादस्तुर को को सँग उठाउने गर्दछन ?


150 responses




## पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?


150 responses




२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?


Co

150 responses




## २.३ तपाईको विचारमा नगरपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

150 responses





## २.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ?

150 responses





## २.५ तपाईको नगरपालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ?

150 responses




२.६ नगरपालिकाको आयोजनाहरूको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

150 responses





२.७ नगरपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

150 responses





२.८ आयोजना सञ्चालन गर्दा नगरपालिका वाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

150 responses




### २.९ नगरपालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ?

150 responses





### २.१० नगरपालिकावाट आचार संहिता पालना भएको छ ?

150 responses




### २.११ आयोजना सञ्चालन गर्दा नगरपालिकावाट कत्तिको सहयोग पाउनु भएको छ?


150 responses



**नगरपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादनः**


**३. १ आर्थिक श्रोत कस्तो छ ?**

150 responses





**३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?**

150 responses





**३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?**

150 responses




### ३.४ नगरपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

149 responses





### ३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

150 responses




### ३.६ कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

150 responses



## ४. पारदर्शिता सम्वन्धीः


### ४.१ यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

150 responses





### ४.२ नगरपालिकाले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?

150 responses





### ४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?

150 responses



### ४.४ नगरपालिकाको कार्यालयबाट तपाईंले चाहेको विवरण पाउँनु भएको छ?


150 responses






## अनुसूचि ३: बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन

# बहिर्गमन अभिमत

# (Exit Poll)



कार्यालय सम्म आइपुग्दाको समय
सहभागि प्रतिशत
३० मिनेट भन्दा वढि
३० मिनेट
२० मिनेट
१५ मिनेट
१० मिनेट
0%
5%
10%
15%
20%
25%
30%


४) आउनुको उद्देश्यः
45.8%
54.2%
यस कार्यालयको काममा मात्र आएको
अन्य कामको लागि पनि


५) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?
37.5%
अन्य
8.3%
41.7%
सिफारिस लिन/पुर्याउन
अनुमति/दर्ता/नवीकरण
आर्थिक सहयोग लिन
योजना माग गर्न
योजनाको किस्ता लिन
योजनाको मूल्याङ्कन तथा फरफारक गराउन
योजनाको अन्तिम भुक्तानी लिन
स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न
1/2

६) सेवा सुविधा प्राप्ती सम्बन्धी तपाइको स्वमूल्याङ्कन कस्तो रह्यो ?


७) सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ?




८. नगरपालिकामा कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?





९. तपाईले प्रति कार्यालयका कर्मचारीले कस्तो व्यवहार गरे ?




१०. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण - कागजात र शुल्क- दस्तुर) बारे तपाईलाई नगरपालिकामा कार्यरत कर्मचारीले स्पष्ट गरे कि ?


24 responses




११. तपाईले राख्नुभएका समस्यालाई के-कस्तो समाधान दिए ?




१२. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो?



**१३. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

**१३.१ राम्रा लागको कुराहरुः**

- हात धुने धारा सबैको पहुचमा र प्रयोगमा रहेको पाइयो ।
- लेटाङ नगरपालिकाले स्थानीय विकास योजनामा समुदायको सहभागिता ठिकै छ । शान्ति पार्क जस्ता योजना राम्रो छ । तर सुधार गर्नु पर्ने कुरा धेरै छन ।
- कर्मचारी कार्यलय समयमा कार्यलयमा नै भेटीने तथा नियमित रूपमा कार्यलय पोसाक प्रयोग गर्ने गरेको ।
- कार्यलय प्रवेश विन्दुमा कार्यलयको सुचना अधिकारी, गुनासो अधिकारी प्रस्ट चिनिने गरि जानकारी वोर्ड र सोधपुछ कक्ष राखेको ।
- कार्यलयले नगरवासीलाई दिनपर्ने सुचना नियमित रूपमा फेसवुक लगायत सामाजिक संजालमा सार्वजनिक गर्ने गरेकोले समयमा आवस्यक जानकारी लिन सहज रहेको ।

**१३.२ सुधार गर्नुपर्ने विषयहरुः**

- नगरले बिपन्न बर्गलाइ उपलब्ध गराउने सेवा सुबिधामा निस्पक्ष र सहज पहुच गराउन पर्ने ।
- खेलकुदलाई प्राथमिकता दिनपर्ने ।
- नगरको कार्यलय भवन अपाङ्ग मैतृ हुन पर्ने कार्यलय प्रमुख तथा नगरप्रमुख माथिल्लो तलामा रहने हुदा जेष्ठ नागरीक तथा शारिरिक अपाङ्गता भएका सेवाग्राहीलाइ असहज हुने गरेको ।
- सबै वडाका मुख्य सडक र गल्लिहरू मर्मत गर्ने र नियमित सरसफाइ कार्यक्रम सञ्चालन गर्ने ।
- प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई आवश्यक जनशक्ति र औषधि उपलब्ध गराई स्वास्थ्य सेवामा सुधार गर्ने ।
- सामुदायिक विद्यालयहरूको शिक्षाको गुणस्तर सुधार गर्न दक्ष शिक्षकको व्यवस्थापन र प्रविधि मैत्री शिक्षण विधि अपनाउने ।
- स्वच्छ खानेपानीको अभाव रहेको क्षेत्रहरूमा दीर्घकालीन पेयजल योजनाहरू सञ्चालन गर्ने ।
- कृषकहरूलाई आधुनिक प्रविधि र तालिम प्रदान गरी उत्पादन वृद्धि गर्ने योजनाहरू ल्याउने साथै कृषी उपजलाई बजारीकरणमा सहयोग गर्ने । पशुपंक्षी बिक्री बितरणमा बजारिकरण सरल बनाउने ।
- स्थानीय युवा तथा महिला श्रमिकलाई स्वरोजगार सिर्जना गर्न सीपमूलक तालिम दिने ।
- आर्थिक पारदर्शिता सुनिश्चित गर्दै सार्वजनिक सेवाहरूमा प्रविधिको प्रयोग बढाउने ।
- बिधुत सेवा सबै तिर पुर्याउने र साना तथा मझौला उधोग संचालना जोड दिने ।
- स्थानीय सांस्कृतिक सम्पदा र पर्यटन प्रवर्द्धन गरी नगरको आर्थिक स्रोत विस्तार गर्ने ।
- हरेक विकास योजना र नीति निर्माणमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- नगरपालिका ऐले निति निर्माण र यसैको ब्याख्यामा अल्झेको पाईन्छ । यसलाई सुधार गर्दै अब काममा रफ्तार बढाउनु पर्यो ।
- दलको सदस्यका आधारमा जनप्रतिनिधिले गरिने विभेद हटाउनुपर्छ । ( मेयर देखि वडा सदस्य सम्मले )
- मेलमिलाप चाडो गरिदिने र न्यायिक समिति ले मुद्दा किनारा लगाउन सहि र गलत बुझे पछि गलत पक्ष लाइ विभिन्न माध्यमबाट सम्झाएर समाधान गर्नुपर्ने ।

## अनुसूचि ४: सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन र जिम्मेवारी प्राप्त व्याक्तिवाट जवाफ:

| प्रस्नकर्ताको विवरण | जिज्ञासा/सुझाव | जवाफकर्ता | मुख्य जवाफकर्ता (नगर उपप्रमुख) |
|---|---|---|---|
| टेक वा. श्रेष्ठ (जेष्ठ नागरिक समाज) | असक्त, असाहाय जेष्ठ नागरिकहरू लाई नगरले पर्याप्त बजेट विनियोजना गर्नुपर्ने तथा राज्यले उपलव्ध गराएको सेवासुविधा सहज रूपमा उपलव्ध गराउन यथेष्ट जानकारी एवम् प्रचार प्रसार गर्नुपर्ने। | नगर उपप्रमुख | जेष्ठ नागरीकले प्राप्त गर्ने सेवा सुविधाको सन्दर्भमा कुरा गर्नपर्दा सामाजिक सुरक्षा भत्ता वितरण बैक मार्फत गर्दा केहि असहज भएको हुदा असक्त, असाहाय जेष्ठ नागरिकहरूलाई वडा अध्यक्षहरू मार्फत वडावडामै सा.सु.भत्ता वितरणको व्यवस्था मिलाईएको छ।<br>असक्त, असाहाय जेष्ठ नागरिकहरूलाई मध्यनजर गर्दै स्वास्थ्य शिविर कार्यक्रमहरू संचालन गरीएको छ।<br>नगरपालिका स्तर र वडा नं. ५ मा १/१ जेष्ठ नागरीक चौतारी स्थापना गरिएको र वडा तथा टोल तहमा समेत क्रमीक रूपमा विस्तार गर्दै लैजाने नगरको योजना रहेको छ।<br>गत बर्ष सामाजिक विकास मन्त्रालयले केहि वजेट ढिलो गरी पठाएको र ३ वटा दर्ता भएका जेक्षठ नागरीकहरूको समाजलाई सिफारिस गरेकोमा ९ नम्वर वडाको जेष्ठ नागरीक समाजले मात्र रू १ लाख वरावरको वाजागाजाको काम गर्न सकिएको।<br>सवै वडाहरूमा क्रमिक रूपमा जेष्ठ नागरीक समाज गठन तथा दर्ता प्रकृयामा लैजान नगरले काम गरिरहेको। |
| भुवनेश्वर आचार्य (भुवा चिसाङ जल उपभोक्ता समिति) | सिचाईमा नगरले कम वजेट विनियोजन गरेको कारण कृषकले समस्या भोगिरहेकोले पर्याप्त बजेट विनियोजन नगर्नुको कारण केहो?<br>सुके चौरी वाट शिक्षा विकास जाने वाटोमा नगर तथा वडाले बजेट विनियोजन गर्न नसक्नुको कारण केहो?<br>वडा नं. ६ को शितभण्डार निर्माण कार्य अधुरो हुनको कारण केहो? निर्माण कार्य रोकिदा किसानले अपेक्षित लाभ लिनवाट बन्चित भए। | नगर उपप्रमुख | राजमार्ग उत्तर सुख्खा क्षेत्र भएको हुदा सिचाईमा समस्या रहेको छ। अधिकंस किसान कुलोपैनिमै भर पर्नुपर्ने अवस्था छ। नगरले कुलोपैनि व्यावस्थापनमा केही काम गरेतपनि अपेक्षित रूपमा काम गर्न नसकेको अवस्था छ। खोलामा १०/१२ पैनिको मुहान एकै ठाउ भएको हुदा पनि समस्या हुन भएको छ। एकिकृत मुहान निर्माण गरि पानी वितरण गर्ने हो कि भनि नगरले योजना वनाईरहेको छ। सिपेच पानि उकासको लागि चिसाङ खोलामा DPR निर्माण कार्य सुरू भएको छ। मोरङ्गी र तेली खोलाको सन्दर्भमा समेत मन्त्रालयसँग समन्वय भइरहेको हुदा चाडै काम सुरू हुने विस्वास लिईएको छ। चिसाङ खोलामा मुहान व्यावस्थापनको लागि तटवन्धनको लागि बजेट व्यवस्था गरिएको छ।<br>जनताका आशा अपेक्षा धेरै छन् तर नगरसँग सिमित श्रोत साधन छ। सिमित श्रोत साधनको कारण सुके चौरी वाट शिक्षा विकास जाने वाटोमा नगर तथा वडाले बजेट विनियोजन गर्न सकिएको छैन, आउने दिनमा नगरले यस विषयलाई प्राथमिकतामा राख्नेछ।<br>नगरसभाले बजेट विनियोजन गरेता समेत ठेकदारले समयमा काम नगरेको हुदा ठेकदारलाई कानुनी कारवाहीको लागि प्रकृया अगाडि वढाएको हुदा कानुनी अल्झन पार हुने वितिकै शितभण्डार निर्माण कार्य सम्पन्न गरीनेछ। |

| | | | |
|---|---|---|---|
| सुर्य घिमिरे (लेटाङ न.पा. वडा नं. ४) | लामो समय सम्म शान्ती भगवती विद्यालयमा निमावि विज्ञान विषयको शिक्षक दरवन्धी खाली हुदा समेत नगरले नगरले नयाँ शिक्षक व्यावस्थापन गर्न सकेन किन ? अन्य छिमेकी पालिकाहरूमा सोहि किसीमको रीक्त दरवन्धी १ महिना नपुगी मिलना हुदा लेटाङ नगरपालिकाले सो गर्न नसक्नुको कारण के होला? | अनिल कुमार मिश्र (सहायकस्तर पाँचौ) शि.प्र. | शैक्षिक वर्ष २०७७/०७८ मा नगरपालिकामा करारमा कार्यरत २ जना शिक्षकको स्थानमा पदपुर्तिको लागि आयोगमा पत्राचार गरिएको थियो। आयोगले १ जना शिक्षक मात्र पठाएको कारण, शेष स्थानको लागि पुनः २०७९/८० मा स्थायी शिक्षकको माग गरिएको थियो । यद्यपि, हालसम्म उक्त मागका लागि कुनै शिक्षक पठाइएको छैन । त्यसैगरी, करार शिक्षकको लागि आवेदन माग गर्दा पनि कुनै आवेदन प्राप्त नहुनुका कारण, शिक्षक व्यवस्थापनमा ठुलो समस्या उत्पन्न भएको छ । शिक्षा विकास निर्देशनालयले माग गरेअनुसार शिक्षक नपठाइन्जेल नगरपालिकामा वैकल्पिक शिक्षकको करारमा व्यवस्थापन गर्नुपर्ने भएकाले, यस समस्यालाई समाधान गर्न पहल भैरहेको छ । यो अवस्थामा, आवश्यक शिक्षक स्रोतको व्यवस्थापन गर्न र शैक्षिक गुणस्तर कायम राख्न, शीघ्र समाधानको लागि नगरपालिका गम्भिर छ । |
| डिल्लीराम मगर (लेटाङ ३) | १. लेटाङ वडा नं. २ र ३ का क्रसरहरूले स्वास्थ्यमा असर पुऱ्याएको छ । नगरले धुलो-धुवाँ नियन्त्रणका लागि के योजना बनाएको छ ?<br>२. किर्तिमान भाउन्ने सडक हिउँदमा धुलो र बर्खामा हिलो हुने समस्याको समाधानमा नगरले के गर्दैछ ?<br>३.नगरक्षेत्रमा बढ्दो लागुपदार्थ दुर्व्यसन रोक्न नगर र प्रहरीको योजना के हो? | नगर उपप्रमुख<br><br>ईलाका प्रहरी कार्यालय प्रमुख | १. क्रसर स्थापना गर्दा मापदण्ड पूरा गर्नुपर्ने भए पनि अधिकांश क्रसरहरू नियम विपरीत सञ्चालनमा रहेको पाइन्छ । क्रसर दर्ता गर्ने निकाय नगर नभएका कारण यसलाई प्रभावकारी रूपमा नियमन गर्न सकिएको छैन । क्रसरबाट सामान ओसारपसार गर्दा स्थानीय जनतालाई असर नपर्ने गरी व्यवस्था गर्नुपर्ने भए पनि त्यसो भइरहेको छैन । यस विषयमा नगरपालिकाले पटकपटक सरोकारवालाहरूलाई आग्रह गरे पनि कार्यान्वियनमा चुनौती देखिएको छ। नगरले अब यसमा थप चासो र पहल गरी समस्या समाधानतर्फ ठोस कदम चाल्ने प्रतिबद्धता जनाएको छ ।<br>२. भाउन्ने-किर्तिमान सडकखण्डमा क्रसरका सामान बोक्ने गाडीहरू धेरै चल्ने हुँदा अत्यधिक खाल्डाखुल्डी र धुलोको समस्या देखिएको छ । हालै नगरपालिकाले यस सडकको अनुगमन गरेको छ तर, बजेट सीमितताको कारण नगरपालिकाले एक्लै समस्या समाधान गर्न सकेको छैन तथापि, अत्यावश्यक स्थानमा तत्काल मर्मतको व्यवस्था नगरले गर्नेछ । दीर्घकालीन समाधानका लागि प्रदेश सरकारले सडक स्तरोन्नतिको काम अघि बढाइसकेको छ ।<br>३. लागुपदार्थ दुर्व्यसन केवल लेटाङमा होइन, समग्र देशभर एक गम्भीर समस्या बनेको छ । यसको न्यूनीकरणका लागि "दुर्व्यसनी विरुद्ध आमाहरू" भन्ने कार्यक्रम कार्यान्वयनमा छ, र नगरपालिकाले पनि यस समस्याको समाधानका लागि केहि पहलहरू अघि बढाएको छ। इलाका प्रहरी कार्यालयले यसमा संलग्न व्यक्तिहरूलाई कारबाही गर्दै रहे पनि, अपेक्षित प्रगति भने भइरहेको छैन । प्रदेश सरकारका तर्फबाट पनि विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । यस समस्यामा सफलता प्राप्त गर्न, केवल नगर र प्रहरीको मात्र पहल पर्याप्त हुँदैन; सम्पूर्ण समाजको सक्रिय संलग्नता आवश्यक छ । आगामी दिनमा स्थानीय सरकार यसमा थप गम्भीरतापूर्वक लाग्नेछ । |

| | | | |
|---|---|---|---|
| सुर्य बा. निरौला (जेष्ठ नागरीक समाज नगर अध्यक्ष) | जेष्ठ नागरिक समाजको नाममा १३ धुर जग्गा छ तर भवन नहुँदा कार्यक्रम सञ्चालन, व्यावस्थापन र मनोरञ्जन असहजता छ। यसका लागि नगरले के कदम चाल्न सक्छ? | नगरउपप्रमुख | जेष्ठ नागरिकहरूको नगरस्तरीय समिति छ र त्यसको लागि सामान्य भवन पनि रहेको छ। थप भवन निर्माणको आवश्यकता रहेको कुरा उठिरहेको छ, साथै प्रत्येक वडा वडामा पनि भवन निर्माणको लागि माग भैरहेको छ। यद्यपि, आफ्नै जग्गा नहुदा र सार्वजनिक जग्गा वा वनको जग्गामा भवन निर्माण गर्दा भविष्यमा समस्या आउने गरेको छ। यसैले, जग्गा प्राप्त भएपछि मात्र भवन निर्माणका विषयमा नगरले सहयोग गर्न सक्दछ। जग्गा प्राप्तिको लागि सवैभन्दा पहिला पहल गर्नुपर्ने हुन्छ। |
| राजेन्द्र योन्जन (भुवा चिसाङ सि.ज.उ.स) | वडा नं. ५ र ६ मा पर्ने टुक्रे वनको विच वाटोमा धेरै गाडी चल्दा उड्ने धुलोले जनस्वास्थ्यमा असर परेको छ। नगरले यसको निर्माणमा किन पहल गर्न सकेन? | नगरउपप्रमुख | यो वाटो २ वटा वडाको विचमा परेको छ। विगतमा केहि मर्मतकार्य गरे पनि त्यो अपुरो छ। नगरले यस विषयलाई ध्यानमा राखेको छ। आगामी दिनमा आवश्यक मर्मतकार्य गरिनेछ। |
| टेक वहादुर कार्की (बिमा दर्ता सहयोगी वडा नं. ५)<br><br>(सुझाव) | १. २०७६ भाद्र १५ गतेदेखि लेटाङ नगरपालिका मा स्वास्थ्य विमा कार्यक्रम लागू भएको थियो। प्रारम्भमा नगर मार्फत एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको भए पनि त्यसपछि कुनै अन्य कार्यक्रम सञ्चालन गरिएको छैन। विशेष रूपमा, वडा नं. ५ मा ३०० विपन्न घरधुरीको निःशुल्क विमा गरिएको थियो, तर तीमध्ये १० प्रतिशत भन्दा कमले मात्र आफ्नो विमा नवीकरण गरेका छन्। यसको मुख्य कारण चेतनामूलक कार्यक्रमको अभाव हो।<br>२. अखाध्य वस्तुको सेवनले नसर्ने रोगहरूको सङ्ख्या बढ्दो क्रममा रहेको छ। यस्तो अवस्थामा, जनचेतना अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रमको खाँचो छ। नगरले यस समस्याको समाधानका लागि समुदायस्तरमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य देखिन्छ। | | १. स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत रू ३५०० को शुल्कमा ५ जनाको परिवारले वार्षिक रूपमा रू १,००,००० सम्मको निःशुल्क स्वास्थ्य सेवा लिन सक्ने व्यवस्था गरिएको छ। यो सुविधा विशेष गरी विपन्न वर्गका लागि अत्यन्त उपयोगी रहेको छ। तथापि, सम्पूर्ण नागरिकहरूले स्वास्थ्य विमा गर्न नसकेको अवस्था छ। आर्थिक रूपमा सक्षम परिवारहरूले समेत विमा नगराएको पाइएको छ। नगरपालिकाले विपन्न वर्गको पहुँच सुनिश्चित गर्न वार्षिक रूपमा केही परिवारको निःशुल्क स्वास्थ्य विमा गराउँदै आएको छ। स्वास्थ्य विमा कार्यक्रममा नागरिकको सहभागिता र पहुँच वृद्धि गर्न आगामी दिनमा नगरले थप जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।<br><br>२. स्वास्थ्यसम्बन्धी अन्य चेतनामूलक कार्यक्रमहरूलाई पनि निरन्तरता दिने नगरपालिकाको योजना रहेको छ। |
| जंग बहादुर श्रेष्ठ (लेटाङ न.पा. वडा नं. ५ | १. निर्माणाधीन मदन भण्डारी राजमार्ग अन्तर्गत लेटाङ नगरपालिका क्षेत्रभित्र पानीको धारा सिपेच हुनाले बारम्बार सडक भत्काउनुपर्ने समस्या देखिएको छ। सरोकारवाला निकाय विच समन्वय गरी यसलाई समयमै समाधान गर्न पर्यो।<br>२. आर्मीचोकदेखि घिमिरेचोक सम्मको करिब ४०० मिटर सडक अत्यन्तै धुलाम्मे अवस्थामा छ। कालेपत्र गर्ने बारे नगरपालिकाको योजना के छ ? | | १. सुझावको लागि धन्यवाद। नगरपालिकाले यो समस्या समाधानका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी समयमै उचित कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्दछु। पानीको व्यवस्थापन तथा सडक निर्माणलाई दिगो र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।<br>२. आर्मीचोक उत्तर वाट सुरू गर्ने गरी रू १ करोड ५ लाख बजेट विनियोजन भई ठेक्का प्रकृया अन्तिम चरणमा रहेकोले चाडैनै निर्माण कार्य सुरू हुनेछ।<br>३. सार्वजनिक जग्गाको संरक्षण तथा रेखदेख गर्ने अधिकार स्थानीय सरकारको हो। हाल लेटाङ नगरपालिका क्षेत्रभित्र कति सार्वजनिक |

| | | |
|---|---|---|
| | ३. नगरले टुक्र वनको संरक्षणमा ध्यान दिएको छैन। अतिक्रमण बढ्दै गइरहेको अवस्थामा यसको व्यवस्थापन र संरक्षणका लागि नगरपालिकाले ठोस नीति किन नबनाएको हो ? | जग्गा छ भन्नेबारे स्पष्ट तथ्याङ्क प्राप्त गर्नका लागि वडा कार्यालयहरूसँग डाटा माग गरिएको छ । डाटा प्राप्त भएपछि नगरपालिकाले सार्वजनिक जग्गाको यकिन तथ्याङ्क तयार गर्नेछ, जसका आधारमा जग्गा अतिक्रमण रोक्न प्रभावकारी कदम चालिनेछ । |
| धनजित तामाङ (पुर्व प्रधानपञ्च) | १. फोहोर व्यवस्थापनको सन्दर्भमा नगरपालिका बजार क्षेत्रमा नियमित रूपमा व्यवस्थापन गरिरहेको देखिन्छ । तर, गाउँ क्षेत्रका लागि १५ दिनमा कम्तीमा एक पटक फोहोर व्यवस्थापनको व्यवस्था मिलाउन सके, यसले ग्रामीण क्षेत्रका बासिन्दालाई पनि फोहोर व्यवस्थापनमा सहजता हुने देखिन्छ । यस विषयमा नगरपालिकाको योजना के छ ? | १. पछिल्लो समयमा फोहोर व्यवस्थापन नगरका लागि चुनौतीपूर्ण विषय बनेको छ । प्लास्टिकजन्य, शिशाजन्यलगायत नकुहिने फोहोरको वर्गीकरण आवश्यक छ भने, फोहोर जथाभावि फाल्दा नगर क्षेत्र कुरूप बन्ने समस्या पनि देखिएको छ। हाल नगरपालिकाले नगर क्षेत्रमा संकलित फोहोर कमलपुरको पुच्छरमा विषर्जन गर्दै आएको छ, साथै जाँते क्षेत्रको फोहोर व्यवस्थापनका लागि स्थान खोजी जारी छ। नगरमा एउटा मात्र टिफर भएकाले आगामी वर्षदेखि नयाँ टिफर किनेर वा भाडामा लिएर परिचालन गर्ने योजना समेत नगरपालिकाले बनाइरहेको छ। |
| जय बहादुर तामाङ (लेटाङ नगरपालिका वडा नं. ३ | किसानहरूले किनेको बीउविजन नउम्रेको कारण ठूलो कठिनाइ भोग्नु परिरहेको छ। शीतभण्डारणको अभावले स्थानीयस्तरमा बीउविजन उत्पादनमा पनि समस्या देखिएको छ।<br><br>यस सन्दर्भमा नगरपालिकाको अनुगमन गर्ने र शीतभण्डारणको व्यवस्था मिलाउने सम्बन्धमा के योजना छ ? किसानलाई गुणस्तरीय बीउविजन उपलब्ध गराउन नगरले के कस्ता कदम चाल्नेछ ? | स्वभाविक रूपमा, हामी विउको लागि परनिर्भर छौं, जसका कारण हरेक वर्ष विउविजन खरिद गर्नु पर्ने अवस्था आउँछ। तर, किसानहरूले आफै विउ उत्पादन गर्ने दिशामा ध्यान दिन आवश्यक छ।<br><br>यदि कुनै कृषि भण्डारबाट खरिद गरिएको विउ उम्रेन भने, यस विषयमा नगरपालिका वा वडा कार्यालयलाई जानकारी प्राप्त भएमा, नगरपालिकाले अनुगमन गरेर जिम्मेवार व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया अपनाउनेछ। |
| राम प्रशाद बराल (लेटाङ क्याम्पस प्रमुख) | लेटाङ क्याम्पस जाने बाटो कच्चि भएको कारण त्यहाँका विद्यार्थी र अन्य व्यक्तिहरूलाई अत्यन्त असहज स्थिति झेल्नुपर्दैछ। आगामी वर्षहरूमा, कम्तिमा लेटाङ बजारदेखि क्याम्पससम्मको बाटो पिच गर्न सके नगरवासीलाई धेरै सहज हुनेछ।<br><br>यस सन्दर्भमा नगरपालिकाको के योजना छ ? | बिगतमा केही मर्मतसम्भारका कामहरू भएको छ। बाटोको स्तरउन्नति र पिच गर्ने कार्यमा नगरपालिकाले आगामी दिनमा विशेष ध्यान दिनेछ । यससँगै, लेटाङ क्याम्पस जाने बाटोको सुधार र पिचिङका लागि उपयुक्त योजना बनाइ कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउदछु। |
| लिखित प्रश्न | तेलीखोला र मोरङ्गी खोलाको सिपेज पानी उकासको काम कहाँ पुग्यो ? | यसको लागि मन्त्रालयको टिमसँग भर्खरै समेत समन्वय भएको छ। केहि दिन पश्चात मन्त्रालयको टिम आए पश्चात थप काम अगाडि बढ्नेछ। |
| | ट्राफिक प्रहरीको ज्याजती धेरै भयो, बोलीव्यावहार राम्रो छैन । सेटिङको आधारमा पक्राउ परेका सवारीसाधन छोडिन्छ । सेटिङ नमिल्दा ट्राफिक प्रहरीले दुःख दिने गरेको छन । यस सन्दर्भमा ईलाका प्रहरी कार्यलयको के जवाफ छ ? | ट्राफिक प्रहरीको सन्दर्भमा के भएको छ, आवस्यक समन्वय गरी जानकारी लिनेछु। गल्ति गरेको पाएमा आवस्यक कारवाही गरिनेछ। तथापि ग्रामिण क्षेत्रमा ट्राफिक नियमको पालना नगर्नेको सङ्ख्या धेरै हुन्छ । यसर्थ, नागरीकले समेत ट्राफिक नियमको पालना गर्नु अत्यावस्यक छ। |

## अनुसूची ५ : सहभागीहरूको विस्तृत विवरण

आज मिति २०८१।१०।०४ गते, शुक्रवार लेटाङ नगरपालिका, मोरङको आयोजना तथा बिराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि., बिराटनगरको व्यावस्थापनमा लेटाङ नगरपालिकाले आ.व. २०८१।०८२ को प्रथम चौमासीकमा भए गरेका योजना, कार्यक्रम एवम् सेवा प्रवाह सम्वन्धमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरणः

| क्र.सं. | नाम थर | पद | कार्यालय/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | भुपेन्द्र कुमार लावती | नगर प्रमुख | लेटाङ नगरपालिका | |
| २ | कृष्ण कुमारी सिरोला | नगर उप-प्रमुख | लेटाङ नगरपालिका | [signature] |
| ३ | नारायण न्यौपाने | प्र.प्र.अ. | " " | [signature] |
| ४ | राम प्रसाद बराल | न्यायपत्र प. | लेटाङ न्यायपत्र | [signature] |
| ५ | सूर्य घिमिरे | | सेवा ग्राही (वडा नं ४) | [signature] |
| ६ | भुवानी अधिकारी | भुवानीस्कुल पौर्ने अड्डे | | [signature] |
| ७ | किशोर चापागाई | लै.न. अध्यक्ष | स० ला राम | [signature] |
| ८ | रमेश खनाल | वडा सचिव-६ | लेटाङ न.पा | [signature] |
| ९ | लक्ष्मी भट्टराई | वडा प्राविधिक-६ | लेटाङ न.पा. | [signature] |
| १० | अम्बीका श्रेष्ठ | वडा ३ | लेटाङ नपा | अम्बीका |
| ११ | मेनुका साम्बा | वडा ३ | लेटाङ न.पा. | [signature] |
| १२ | मिना | " " | " " | मिना |
| १३ | देवी माया श्रेष्ठ | वडा -५. | लेटाङ नगरपालिका | |
| १४ | रुद्र कुमार विश्वकर्मा | वडा सचिव | लेटाङ न.पा. | [signature] |
| १५ | शोभा वोहरा खड्का | वडा नं ५ | लेटाङ, न.पा. | [signature] |
| १६ | नरेन्द्र बहादुर खड्का | सदस्य | सामुदायिक विकास मञ्च (CDF) | [signature] |
| १७ | सुवर्ण लावती | का. वा. अ. | सामुदायिक वन महासंघ नगर | [signature] |
| १८ | भक्तराज राई | अध्यक्ष | नं स. पा नेपाल लेटाङ नगर | [signature] |
| १९ | [illegible] | | | |
| २० | युवराज पुर्लामी | — | [illegible] लेटाङ २ | [signature] |
| २१ | मोहन शर्मा | | वडा नं. २ | [signature] |
| २२ | संगिता खनाल | शिक्षा अधिकृत | लेटाङ नगरपालिका | [signature] |
| २३ | [illegible] | | | |
| २४ | [illegible] | — | लेटाङ " | [signature] |

आज मिति २०८१।१०।०४ गते, शुक्रवार लेटाङ नगरपालिका, मोरङको आयोजना तथा बिराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि., बिराटनगरको व्यावस्थापनमा लेटाङ नगरपालिकाले आ.व. २०८१।०८२ को प्रथम चौमासीकमा भए गरेका योजना, कार्यक्रम एवम् सेवा प्रवाह सम्वन्धमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरणः

| क्र.सं. | नाम थर | पद | कार्यालय/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | गोविन्द ढकाल | | ले. ५ | |
| २ | आकुभक्त राई | इन्जिनियर | ले. ३ | |
| ३ | भरत दाहाल | एम.आई.एस. अ. | ले. ३ | |
| ४ | भक्त चौधरी | | बेलबारी | |
| ५ | श्रिधाप लिम्बु | आमेब | ले. - ३ | |
| ६ | प्रिती राई | AFO | Hilly Rural Development organization Nepal (HRDON) | |
| ७ | अनिशा राई | —— | ले - ४ | |
| ८ | अनितकुमार मिश्र | प्र० पाल्यो. | लेटाङ नगरपालिका | |
| ९ | सन्दिप घिमिरे | सि. पाल्यो | लेटाङ न.पा | |
| १० | निकेश पौडेल | सब-इन्जिनियर | लेटाङ नगरपालिका | |
| ११ | राम ब. पौडेल | वडा स. | ले. नगरपालिका ५ | |
| १२ | सुदिप पौडेल | वडा सचिव | लेटाङ नगरपालिका | |
| १३ | रमेश खनाल | वडा सचिव-६ | लेटाङ. न.पा | |
| १४ | टेक ब. श्रेष्ठ | | जेष्ठ नागरिक के. सदस्य | |
| १५ | जित ब. श्रेष्ठ | | जेष्ठ नागरिक के. सहयोगी | |
| १६ | श्याम नाथ सुवेदी | ने.क.पा एमाले नगरउप-सचिव | ले. न.पा. ८ | |
| १७ | मधु ब. तामाङ | | जेष्ठ नागरिक सदस्य | |
| १८ | अभिन्द्र श्रेष्ठ | अधिकृत | पशु सेवा शाखा | |
| १९ | रतन बहादुर मगर | | लेटाङ ५ खेवखा | |
| २० | इन्द्र चापागाईं | नमुना टोल अध्यक्ष | लेटाङ ५ खेरखवा | |
| २१ | टेक ब. कार्की | विकासे टोल अध्यक्ष | लेटाङ ५ खेरुवा | |
| २२ | लक्ष्मी प्रसाद चापागाईं | नमुना टोल | लेटाङ - ५ खेरुवा | |
| २३ | महेन्द्र प्रसाद साह | इ.प्रेडी | ई.प्रे.का. लेटाङ | |
| २४ | ज्ञान बहादुर ओली | सं.व.६. | —— | |

आज मिति २०८१।१०।०४ गते, शुक्रवार लेटाङ नगरपालिका, मोरङको आयोजना तथा बिराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि., बिराटनगरको व्यावस्थापनमा लेटाङ नगरपालिकाले आ.व. २०८१।०८२ को प्रथम चौमासीकमा भए गरेका योजना, कार्यक्रम एवम् सेवा प्रवाह सम्वन्धमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरणः

| क्र.सं. | नाम थर | पद | कार्यालय/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | शशिभ्र रेग्मी | प्रमुख निरीक्षक | डि.प्र.का. लेटाङ, मोरङ | |
| २ | नन्द प्रसाद खतिवडा | अ. | वडा नं ६ | |
| ३ | तेज प्र. तिमसिना | वडा अध्यक्ष | लेटाङ न.पा. वडा नं. २ | |
| ४ | मल्लराज राई | अध्यक्ष | [illegible] | |
| ५ | किशोर राई | [illegible] | [illegible] | |
| ६ | आयुष खरेल | अधिकृत | कृषि विकास शाखा | |
| ७ | सरोज दुवाडी | अधिकृत (लेखा) | लेटाङ न.पा. | |
| ८ | प्रशान्त निरौला | सम्पादक | लेटाङ खबर | |
| ९ | हेमन्त थापा मगर | सूचना प्रविधि अधिकृत | लेटाङ नगरपालिका | |
| १० | चम्पा थापा मगर | का. स. | ले - ४ | |
| ११ | चेतनाथ गौतम | अधिकृत (लेखा) | लेटाङ नगरपालिका | |
| १२ | वीरमान [illegible] | वडा [illegible] | ले. न.पा. ६ | |
| १३ | [illegible] | [illegible] | [illegible] | |
| १४ | राजेन्द्र योञ्जन | सचिव | [illegible] | |
| १५ | चन्द्र बहादुर गौतम | अध्यक्ष | [illegible] अध्यक्ष | |
| १६ | सुमन भुजेल | सदस्य | लेटाङ, ५ | |
| १७ | रजत कु. डाँगी | ह.स.चा. | '' | |
| १८ | डिल्लीराज मगर | | लेटाङ, ३ | |
| १९ | चन्द्रा नेपाल | [illegible] | लेटाङ, ४ | |
| २० | [illegible] | | [illegible] ५ | |
| २१ | [illegible] खड्का | नगर प्रमुख ज्यूको स्वकीय सचिव | | |
| २२ | राजेन्द्र प्रसाद निरौला | | | |
| २३ | बलराम दाहाल | कार्यक्रम संयोजक | बिराट मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा. लि. | |
| २४ | आनन्द [illegible] | निर्देशक | '' | |
| २५ | स्वाति निरौला | कार्यक्रम सञ्चालक - पत्रकार | | |
| २६ | सरिता मगर | लेटाङ-५ | | |
| २७ | [illegible] गौतम | लेटाङ-४ | | |
| २८ | रमेश [illegible] | लेटाङ -३ | | |

## अनुसूचि ६: तस्विरहरू




सहभागिको प्रश्नको जवाफ दिदै नगर उपप्रमुख श्री कृष्ण कुमारी निरौला ज्यू,



कार्यक्रमको उदेश्यमाथी प्रकास पार्दै प्रमुख प्रशासकिय अधिकृत श्री नारायण न्यौपाने ज्यू,





नगरले प्रथम चौमासिकमा सम्पन्न गरेका योजना तथा सेवा प्रवाहको वारेमा प्रगति प्रतिवेदन प्रस्तुत गर्दै योजना शाखा प्रमुख श्री चेतनाथ गौतम ज्यू,




सहभागीले उठाएको प्रश्नको जवाफ दिदै इलाका प्रहरी कार्यलाय प्रमुख




सहभागीले उठाएको प्रश्नको जवाफ दिदै योजना शाखा प्रमुख श्री चेतनाथ गौतम ज्यू



सहभागीले उठाएको प्रश्नको जवाफ दिदै  शिक्षा शाखाको तर्फवाट अनिल कुमार मिश्र ज्यू (सहायकस्तर पाँचौ) शि.प्र.



सहभागीको तर्फवाट जिज्ञासा राख्दै श्री टेक वहादुर श्रेष्ठ ज्यू



सहभागीको तर्फवाट जिज्ञासा राख्दै श्री भवानीश्वर आचार्य ज्यू



सहभागीको तर्फवाट जिज्ञासा राख्दै श्री जय बहादुर तामाङ ज्यू



लेटाङ क्याम्पसको तर्फवाट जिज्ञासा एवम् सुझाव राख्दै लेटाङ क्याम्पस प्रमुख श्री राम प्रसाद वराल ज्यु,

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

कोशी प्रदेश नेपाल

पत्र संख्याः ०८१/०८२ (योजना/प्रशासन)
च.नं.

मितिः२०८१।०९।२९

बिषयः- सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्वन्धी सूचना ।

श्री सरोकारवालाहरु सवै

प्रस्तुत विषयमा लेटाङ नगरकार्यपालिकाको मिति २०८१/०९/१९ गते बसेको बैठकले लेटाङ नगरपालिकाबाट पहिलो चौमासिकमा सम्पादित कार्यहरुको सम्वन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय भएकोले लेटाङ नगरपालिकाका तर्फबाट आ.व. २०८१/८२ को पहिलो चौमासिकमा सम्पादित कार्यका (बिकास ब्यवस्थापन तथा सेवा प्रवाह) सम्वन्धमा कुनै गुनासो वा सुधारका लागि सुझाव भएमा तपसिल बमोजिमको मिति, समय र स्थानमा सक्रिय सहभागिता सहित उपस्थितिका लागि सरोकारवाला सवैमा सादर अनुरोध छ ।

तपसिल
सार्वजनिक सुनुवाई हुने मिति - २०८१/१०/०४ गते शुक्रवार
सार्वजनिक सुनुवाई हुने समय - दिनको १२:०० वजे देखि
सार्वजनिक सुनुवाई हुने स्थान - लेटाङ क्याम्पस, लेटाङ

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाले प्रकाशन गरेको सुचना